लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ति उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८३/०८४

चलानी नं.:

मितिः २०८३/०५/०९

**श्री सम्पुर्ण शैक्षिक संस्था एवं सरोकारवाला,**
**लुम्बिनी प्रदेश।**

**विषयः कार्यक्रम संशोधन सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस मन्त्रालयलाई चालु आर्थिक वर्षमा अख्तियारी प्राप्त कार्यक्रमहरु यस मन्त्रालय र मातहतका निकायहरुबाट कार्यान्वयनमा रहेको विषय सबैलाई अवगत नै छ। वार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित योजनाहरु संशोधन गर्नु पर्ने भए लुम्बिनी प्रदेश सरकारको विनियोजन ऐन, २०८३ को दफा ५ को उपदफा (५) अनुसार कुनै आयोजना तथा कार्यक्रमको **उद्देश्य, मर्म र विषय क्षेत्र** परिवर्तन नहुने गरी संशोधन गर्न सकिने व्यवस्था रहेकोले कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि तोकिएका सामाजिक विकास डिभिजन कार्यालयमा आयोजना संशोधनको लाग आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**निवेदनसँग पेश गर्नुपर्ने कागजातहरुः**

१. सम्बन्धित शैक्षिक संस्थाको अधिकार प्राप्त समितिको निर्णय,
२. आयोजना तथा कार्यक्रम रहेको वडा फरक परेको हकमा आयोजना छाड्ने र लिने दुबै वडा वा सम्बन्धित स्थानीय तहको सिफारिस,
३. आयोजनाको जिल्ला फरक परेको हकमा आयोजना छाड्ने र लिने दुबै स्थानीय तहको सिफारिस,
४. संशोधन गर्नुपर्ने आयोजना तथा कार्यक्रमको नाम, ब. उ. शी. न, खर्च शीर्षक र क्रियाक्लाप नं, विनियोजित बजेट रकम र सच्चाउनु पर्ने कुरा अनिवार्य खुलाई पेश गर्नुपर्ने,
५. संस्थाको निवेदन।



Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650